फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

प.सं. :- २०७६।०७७ मिति:- २०७७।०३।२५
च.नं.: १६८८

**बिषय :-** निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा।

श्री सम्पूर्ण वडा कार्यालयहरु
फेदाप गाउँपालिका, तेह्रथुम।

प्रस्तुत विषयमा नेपाल सरकार गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको मिति २०७७/३/१८ च.नं. १७६५ को पत्र अनुसार सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १५ को खण्ड (ग) मा कुनै प्रकारले नियमित रुपले पारिश्रमिक, निवृत्तभरण, अवकाश सुविधा एवं अन्य सुविधा पाईरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने प्रष्ट व्यवस्था गरेको हुँदा विदेशी सरकारबाट नियमित रुपले निवृतिभरण प्राप्त गरिरहेका नेपाली नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्न नमिल्ने भनी मिति २०७७/०३/१७ (मा. मन्त्रीस्तर) बाट निर्णय भएको हुँदा २०७७/०३/१७ गते सम्मको मात्र सामाजिक सुरक्षा भत्ता उपलब्ध गराईदिनुहुन अनुरोध छ। साथै नेपाल सरकार गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको छाँया कपि यसै साथ संलग्न गरी पठाईएको व्यहोरा जानकारीकोलागी अनुरोध छ।

**बोधार्थ:**

श्री सुचना प्रबिधि शाखा। - Web Page, Facebook Page बाट सुचना प्रकाशित गरिदिनहुन।

२०७७।०३।२५

भक्त बहादुर भट्टराई
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन: ४२११५६१, ४२६४६८१
४२६२०५६, ४२००८१५
फ्याक्स: ४२०००१४

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या:- ०७६/०७७
प्राप्त पत्र संख्या र मिति:-
च.न.:- १०६५

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सिंहदरबार, काठमाडौं

२०७७/३/१८

विषय: निर्णय कार्यानवयन गर्ने सम्वन्धमा।

श्री स्थानीय तह सबै।

उपरोक्त सम्वन्धमा नेपालको संविधान वमोजिम आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, वालवालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्ने उदेश्यका साथ सामाजिक सुरक्षा ऐन, २०७५ कार्यान्वयनमा आएको हो। उक्त ऐनको दफा १५ को खण्ड (ग) मा अन्य कुनै प्रकारले नियमित रूपले पारिश्रमिक, निवृत्तभरण, अवकाश सुविधा एवं अन्य सुविधा पाईरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने प्रष्ट व्यवस्था गरेको हुँदा विदेशी सरकारवाट नियमित रूपले निवृतिभरण प्राप्त गरिरहेका नेपाली नागरिकहरूलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्न नमिल्ने भनी मिति २०७७/०३/१७ (मा. मन्त्रीस्तर) वाट निर्णय भएको हुँदा सोही वमोजिम गर्नु गराउनुहुन जानकारीकालागि अनुरोध छ।

सावित्रा वस्नेत
शाखा अधिकृत

श्री ... शाखा
दर्ता, अभिलेख सुरक्षित राख्नुहोला
०७७/३/१८

फेदाप गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
द.नं: ५०१
मिति: २०७७/०३/१८

Scanned with CamScanner